# नेपालगंज उप-महानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज

**दरभाउपत्र आव्हानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०७६।०९।०६ गते)**

यस नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयका लागि आवश्यक पर्ने निम्न मालसामानहरु सिलबन्दि दरभाउपत्रको माध्यमद्धारा आपूर्ति गराउनु पर्ने भएकोले ईच्छुक फर्म, व्यवसायी वा कम्पनीहरुहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दि दरभाउपत्र आव्हान गरिन्छ ।

**शर्तहरु :-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.०७५/०७६ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको **दरभाउपत्र** दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र दरभाउपत्र कागजात खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र सिलबन्दि **दरभाउपत्र** यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ ।

२) दरभाउपत्र दस्तुर यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ४१३०३०४०१८१०४ मा जम्मा गरी सोको भौचर दरभाउपत्र कागजात खरिद गर्दा पेश गर्नुपर्ने वा यस कार्यालयको राजश्व शाखामा नगदै बुझाई नगदी रसीद संलग्न गर्नुपर्ने छ ।

३) म्याद भित्र दर्ता भएका सिलबन्दि **दरभाउपत्र**हरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १४:०० बजे **दरभाउपत्रदाताहरु**को रोहबरमा खोलिने छ । **दरभाउपत्रदाता** अनुपस्थित भए पनि सिलबन्दि **दरभाउपत्रहरु** खोलिने कार्यमा बाधा पर्ने छैन ।

४) दरभाउपत्र कागजात खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने दिन बिदा पर्न गएमा क्रशः सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

५) सिलबन्दि दरभाउपत्र फाराम साथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. (ग-३) , ४१३०३०३००७१०४ मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट बोलपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा ७५ औं दिनम्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

६) दरभाउपत्र /बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा दरभाउपत्र तथा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

७) कार्यालयको हितलाई ध्यानमा राखीकुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र तथा बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**दरभाउपत्र सम्बन्धि विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ला.अ. रकम रु. (भ्याट सहित) | धरौटी रकम रु | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | NSMC/SQ/G-01/076/77 | **सवारी साधन खरिद (मोटरसाईकिल) कार्य** | १८,९०,०००।०० | ५७,०००।०० | १,०००।०० |

(प्रमुख प्रशासकीय अधिकृत)